# संरक्षण पुरस्कार २०१६ का लागि
# मनोनयन आव्हान

राष्ट्रिय संरक्षण दिवसको अवसर पारेर विगतका वर्षहरुमा जस्तै प्राकृतिक श्रोत, जल संम्पदा संरक्षण, पर्या पर्यटन तथा जलवायु परिवर्तनका क्षेत्रमा कृयाशिल व्यक्ति तथा संस्थाहरुलाई मनोनयन गर्नको लागि डब्लु डब्लु एफ नेपाल **संरक्षण पुरस्कार २०१६** को लागि आव्हान गर्दछ। यसको मनोनयन निर्दिष्ट फर्म भरेर जो सुकैले पनि तलको ठेगानामा पठाउन सक्ने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## अब्राहम संरक्षण पुरस्कार

अब्राहम संरक्षण पुरस्कारको स्थापना सन् १९९५ मा वातावरणविद तथा संरक्षणकर्मी श्री न्यान्सी अब्राहमले गर्नुभएको हो। नेपाल भमणका क्रममा राष्ट्रिय निकुञ्जका कर्मचारीहरुले संरक्षणका लागि गरेको अथाह मेहनत र देखाएको लगावबाट प्रभावित भइ न्यान्सीले यस पुरस्कारको स्थापना गर्नुभएको हो।

पछिल्ला २१ वर्षमा, अब्राहम संरक्षण पुरस्कारले नेपालको सम्वृद्ध जैविकविविधता सुनिश्चित गर्न आधारभूत तहमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति र संस्थाहरुलाई पहिचान गरी यस पुरस्कारद्वारा सम्मान गरेको छ। यो पुरस्कारले संरक्षणका सवालहरुमा जनचेतना वृद्धी गर्ने र अग्रपंक्तिमा रहेका संरक्षणकर्मीहरुलाई अभिप्रेरित तथा प्रोत्साहित गर्ने माध्यमका रुपमा पनि काम गरेको छ।

## म्याथ्यु प्रिस र येशी छोदेन लामा युवा संरक्षणमा युवा नेतृत्व पुरस्कार

संरक्षणमा युवा नेतृत्व पुरस्कार म्याथ्यु प्रिस र येशी छोदेन लामाको सम्मानमा सन् २००७ मा स्थापना गरिएको हो। म्याथ्यु प्रिस र येशी छोदेन लामाले युवा अवस्थामै संरक्षणको क्षेत्रमा आफ्नो अब्वलता प्रमाणीत गर्न सफल भएता पनि सन् २००६ मा असामयीक र दुखद मृत्युवरण गर्नुभयो। यो अवार्ड मार्फत, डब्लु डब्लु एफले नयाँ पुस्ताका प्रतिवद्ध युवा संरक्षण नेतृतवका कामलाई पहिचन गर्ने र उनीहरुले संरक्षणमा पुऱ्याएको समर्पण र विशिष्ट योगदानलाई सम्मानित गर्दछ।

## डब्लु डब्लु एफ संरक्षणमा सञ्चार पुरस्कार

डब्लु डब्लु एफ संरक्षणमा सञ्चार पुरस्कार नेपालमा संरक्षणका सवाल र मुद्दाहरु उजागर गर्न सञ्चारकर्मी/ सञ्चार संस्थाहरुको परिवर्तनकारी भूमीकालाई सम्मान गर्न सन् २००७ मा नै स्थापना गरिएको हो।

संरक्षणको सन्देश प्रवाह गर्न छापा वा विद्युतिय सञ्चारमाध्यमहरुको भूमीका क्रमश महत्वपूर्ण बन्दैछ। नेपालका होनाहार सञ्चारकर्मी र सञ्चार संस्थाहरुलाई प्रोत्साहित गर्न डब्लु डब्लु एफले प्रत्येक वर्ष संरक्षणका मुल्यहरुलाई आफ्ना अभूतपूर्व र प्रेरक कार्यमार्फत सघाउ पुऱ्याउने एक ब्यक्ति वा संस्थालाई यो पुस्कार प्रदान गर्दछ।

संरक्षण पुरस्कारहरुका विजेता, प्राप्त भएका मनोनयनका आधारमा ख्यातिप्राप्त र विज्ञहरुको टोली सम्मेलित छनौट समितिले चयन गर्नेछ। पुरस्कृत हुनेले प्रमाणपत्रसँगै ब्यक्ति भए रु २५००० र संस्था भए रु ५०,००० नगद पुरस्कार प्राप्त गर्नुहुनेछ।

विस्तृत जानकारी र मनोनयन फारम निम्न ठेगाना हरुमा उपलब्ध छन् वा www.wwfnepal.org बाट डाउनलोड गर्न सकिनेछ।

**लङटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सहयोग आयोजना**
रसुवा। फोन ०१०-५४०१३०

**तराई भू-परीधी कार्यक्रम,** जैविक मार्ग पूर्नस्थापना आयोजना कार्यालय, कोहलपुर, बाँके। फोन ०८१-५४१७५२/७५३

**तराई भू-परीधी कार्यक्रम,** संरक्षित तथा मध्यवर्ती क्षेत्र, रत्ननगर, चितवन। फोन ०५६-५६१२९६, ५६२१९६

**दुधकोशी सब-बेसीन आयोजना,** सल्लेरी। फोन ०३८-५२०४१०

**इन्द्रवती सब-बेसीन आयोजना,** धुलिखेल। फोन ०११-४९०९५३

**चितवन अन्नपूर्ण ल्याण्डस्केप,** पोखरा। फोन ०६१-५३७७७१

मनोनयन फारम बुझाउने अन्तिम मितिः **भाद्र ३, २०७३**